ISSN 2676–1297
Volume 8 Issue 15 April/May 2026

# छविलाल पोखे्रलकृत 'कौमुदीसार' ग्रन्थका उत्तरार्द्ध प्रकरणहरूको संरचनात्मक समीक्षा

मतिप्रसाद ढकाल
सहप्राध्यापक
कालिका संस्कृत विद्यापीठ
dhakamlatip@gmali.com

*अध्ययनसार*

*पाणिनीय व्याकरणको नव्यव्याकरण परम्पराका तीनवटै महत्त्वपूर्ण कौमुदीग्रन्थको सार खिचेर लघुसिद्धान्तकौमुदीका ढाँचामा नेपाली विद्वान् छविलाल पोखेलद्वारा वि.सं. २०२० मा प्रकाशनमा ल्याइएको 'कौमुदीसार' ग्रन्थका संज्ञादेखि लकारार्थसम्मका पूर्वार्द्धगत प्रकरणका समीक्षात्मक अध्ययन गरिएको पाइए पनि कृत्यदेखि स्त्रीप्रत्ययसम्मका उत्तरार्द्धगत प्रकरणका बारेमा हालसम्म पृथक् रूपमा अध्ययन एवम् अनुसन्धान नभएकाले सोको परिपूर्ति गर्ने उद्देश्यले तुलनात्मक विधिबाट यस लेखमा कौमुदीसार र लघुसिद्धान्तकौमुदीका उत्तरार्द्धगत प्रकरणमा रहेका सूत्र र वार्तिकको संरचनात्मक विश्लेषण गरिएको छ । दुवै ग्रन्थका अधिकांश सूत्र र वार्तिकको संरचनामा समानता भेटिए पनि लघुसिद्धान्तकौमुदीमा पढिएका १२४ सूत्र र २८ वार्तिक कौमुदीसारका सम्बद्ध प्रकरणमा भेटिँदैनन् भने लघुसिद्धान्तकौमुदीमा नपढिएका ९१ नयाँ सूत्र र २५ नयाँ वार्तिकको अध्ययन कौमुदीसारका सम्बद्ध प्रकरणमा गरिएको पाइएकाले सूत्र र वार्तिकको संरचनाका दृष्टिले कौमुदीसारको पृथक् वैशिष्ट्य रहेको छ । लेखक स्वयंले हस्तलिखित रूपमा संशोधन गरेका र संशोधन गर्न छुट भएका उत्तरार्द्ध प्रकरणगत संशोधनीय स्थलहरूको अध्ययनलाई समेत यसमा समेटिएको छ ।*

**मुख्य शब्दावली :** कौमुदी, प्रकरण, वार्तिक, संशोधन, सूत्र ।

## विषयपरिचय

संस्कृत वाङ्मयमा विभिन्न व्याकरणहरूको रचना गरिएको पाइए पनि पाणिनीय व्याकरणको सर्वोपरि महत्ता रहेको छ । पाणिनीय व्याकरणअन्तर्गत अष्टाध्यायी पद्धतिका आधारमा प्राचीनव्याकरण र प्रक्रिया पद्धति वा कौमुदी पद्धतिका आधारमा नव्यव्याकरण गरी दुई पद्धतिहरू विकसित भएका पाइन्छन् । नेपालमा पाणिनीय व्याकरणको प्राचीनव्याकरण पद्धतिका आधारमा पठनपाठन भएको कुनै ऐतिहासिक तथ्याङ्क हालसम्म भेट्न सकिएको छैन भने वर्तमानमा समेत प्राचीनव्याकरणको पठनपाठन नेपालमा भएको पाइँदैन । प्राचीनव्याकरणको पठनपाठन पद्धतिलाई नरुचाएर थोरै समयमा पनि निश्चित प्रकरणको ज्ञान गर्न सरल हुने भएकाले कौमुदी पद्धतिमा आधारित नव्यव्याकरणको पठनपाठनप्रति नेपाली अध्येताहरू पनि आकृष्ट हुन पुगेका हुन् । पाणिनीय व्याकरणको नव्यव्याकरण पद्धतिमा वैयाकरणसिद्धान्तकौमुदी, मध्यसिद्धान्तकौमुदी र लघुसिद्धान्तकौमुदी तीन प्रकारका ग्रन्थहरू बहुप्रसिद्ध रहेका छन् । तीमध्ये संस्कृतको अध्ययन गर्न चाहने प्रारम्भिक तहका विद्यार्थीका लागि वरदराजले 'लघुसिद्धान्तकौमुदी'को रचना गरेका थिए । त्यही ग्रन्थलाई नेपाली विद्वान्द्वय नयराज पन्त र छविलाल पोखे्रलले वि.सं. १९९८ मा पृथक्पृथक् रूपमा 'लघुसिद्धान्तकौमुदी'लाई सरलीकरण र सङ्क्षेपीकरण गर्ने प्रयास गरेका थिए । फलस्वरूप छविलाल पोखे्रलले वि.सं. २०२० मा 'कौमुदीसार' र नयराज पन्तले वि.सं.२०४९ मा हलन्तपुल्लिङ्ग प्रकरणसम्मको अपूर्ण ग्रन्थका रूपमा 'संक्षिप्तलघुकौमुदी'लाई प्रकाशनमा ल्याएका थिए । तीमध्ये छविलाल पोखे्रलद्वारा रचित 'कौमुदीसार' नामक ग्रन्थको समग्र परिचयात्मक स्वरूप केकस्तो छ अनि 'लघुसिद्धान्तकौमुदी' र 'कौमुदीसार' दुवै ग्रन्थका संज्ञाप्रकरणदेखि लकारार्थ प्रकरणसम्मका पूर्वार्द्धगत प्रकरणमा पढिएका सूत्र र वार्तिकहरूमा केकति समानता र भिन्नता पाइन्छ भन्ने बारेमा ढकाल (२०८२) द्वारा अध्ययन गरिसकिएको पाइए पनि 'कौमुदीसार' ग्रन्थका कृत्यप्रकरणदेखि स्त्रीप्रत्ययसम्मका उत्तरार्द्धगत प्रकरणमा पढिएका सूत्र र वार्तिकहरूमा केकति समानता र भिन्नता पाइन्छ भन्ने बारेमा हालसम्म अध्ययन गरिएको नदेखिएकाले यही मुख्य समस्यामा केन्द्रित रहेको यस लेखको उद्देश्य 'कौमुदीसार'का उत्तरार्द्ध प्रकरणहरूको वैशिष्ट्य

प्रतिपादन गर्नु रहेको छ भने यस ग्रन्थको महत्ताबोध गराएर यसको थप अध्ययन तथा अनुसन्धानतर्फ अध्येताहरूलाई आकृष्ट गर्नु नै यस लेखको औचित्य र महत्त्व रहेको छ । सामग्री सङ्कलनका विभिन्न विधिहरूमध्ये यस लेखमा नमुना छनौट विधिको अवलम्बन गरी प्राथमिक स्रोतका रूपमा मुख्यतः वरदराजको 'लघुसिद्धान्तकौमुदी' र छविलाल पोखे्रलको 'कौमुदीसार' ग्रन्थको उपयोग गरिएको छ भने द्वितीयक स्रोतका रूपमा वरदराजकै 'मध्यसिद्धान्तकौमुदी' र भट्टोजि दीक्षितको 'वैयाकरणसिद्धान्तकौमुदी'को उयोग गरेर तुलनात्मक विधिबाट परस्परमा समानता र भिन्नता केलाउँदै निष्कर्षमा पुगिएको छ । यसका लागि 'कौमुदीसार' ग्रन्थमा विद्यमान संशोधनीय पाठको सिंहावलोकन गर्दै यस ग्रन्थका कृत्यप्रकरणदेखि स्त्रीप्रत्यय प्रकरणसम्मका उत्तरार्द्धगत प्रकरणहरूमा रहेका सूत्र र वार्तिकको समानता, न्यूनता र अधिकताको निर्क्योलमा यस अध्ययनलाई सीमाङ्कन गरिएको छ ।

### सैद्धान्तिक पर्याधार

अनुसन्धानका विभिन्न सैद्धान्तिक पद्धतिहरूमध्ये कुनै दुई विषय वा क्षेत्रमा पारस्परिक प्रेरणा र प्रभावका आधारमा समानता र भिन्नताको निर्क्यौल गर्ने पद्धति नै तुलनात्मक पद्धति हो । एकपक्षीय अध्ययन एवं विश्लेषण हुनबाट बच्तै तटस्थ, निरपेक्ष, वस्तुनिष्ठ र पूर्वाग्रहरहित हुनु तुलनात्मक पद्धतिको मुख्य उद्देश्य मानिन्छ । यो लेख तुलनात्मक पद्धतिका यिनै मूलभूत सैद्धान्तिक आधारलाई ध्यानमा राखेर तयार पारिएको हो ।

### विषय विश्लेषण

नेपाली विद्वान् छविलाल पोखे्रलद्वारा विरचित 'कौमुदीसार' ग्रन्थको यसको मुख्य आधारग्रन्थ 'लघुसिद्धान्तकौमुदी'सँग तुलनात्मक अध्ययन एवम् अनुसन्धान हालसम्म भएको नपाइएका सन्दर्भमा यस ग्रन्थका पूर्वार्द्ध प्रकरणहरूको संरचनात्मक समीक्षण यसपूर्व नै गरिसकिएको हुँदा यहाँ 'कौमुदीसार' ग्रन्थको उत्तरार्द्ध भागका रूपमा रहेका कृदन्तदेखि स्त्रीप्रत्ययसम्मका प्रकरणगत सूत्र र वार्तिकहरूको संरचना, यस ग्रन्थका हस्तलिखित संशोधन, सूत्र र वार्तिकसँग सम्बद्ध संशोधनीय स्थलहरूका बारेमा संरचात्मक समीक्षण गरिएको छ ।

### 'कौमुदीसार' ग्रन्थका उत्तरार्द्धको प्रकरणगत समीक्षा

छविलालकृत 'कौमुदीसार' ग्रन्थमा संज्ञाप्रकरणदेखि स्त्रीप्रत्ययसम्मका ५९ वटा प्रकरण रहेका छन् । तीमध्ये सुरुदेखि लकारार्थसम्मका प्रकरणलाई समष्टिगत रूपमा पूर्वार्द्ध भाग र कृदन्तदेखि स्त्रीप्रत्ययसम्मका २७ वटा प्रकरणलाई समष्टिगत रूपमा उत्तरार्द्ध भाग ठान्न सकिने भएकाले यहाँ उत्तरार्द्ध भागसँग सम्बद्ध २७ वटा प्रकरणलाई मुख्यतः कृदन्त, कारक, समास, तद्धित र स्त्रीप्रत्यय पाँच प्रकारमा विभाजन गरी यी प्रकरणमा रहेका सूत्र र वार्तिकका संरचनाको तुलनात्मक समीक्षा गरिएको छ ।

### 'कौमुदीसार' ग्रन्थको कृदन्त प्रकरणका सूत्र र वार्तिकको समीक्षा

'कौमुदीसार' ग्रन्थमा कृदन्त प्रकरणअन्तर्गत कृत्यप्रक्रिया, पूर्वकृदन्त, उणादि र उत्तरकृदन्त गरी चार वटा प्रकरणहरू रहेका छन् । तीमध्ये लघुसिद्धान्तकौमुदी (ल.कौ.) को कृदन्त कृत्यप्रक्रियामा १८ सूत्र र एउटा वार्तिक पढिएको छ भने कौमुदीसार (कौ.सा.) मा १९ सूत्र र एउटा वार्तिकको अध्ययन गरिएको छ । तीमध्ये १५ वटा सूत्र दुवै कौमुदीमा समान रहेका छन् भने ल.कौ.मा पढिएका (१) शास इदङ्हलोः, (२) मृजेर्विभाषा र (३) मृजेवृद्धिः तीन सूत्र र (१) केलिमर उपसंख्यानम् एउटा वार्तिक कौ.सा.को कृत्यप्रक्रियामा पढिएका छैनन् । त्यस्तै ल.कौ.को कृत्यप्रक्रियामा नपढिएका (१) ओरावश्यके, (२) वचोऽशब्दसंज्ञायाम्, (३) विभाषा कृविषोः र (४) शकिसहोश्च चारवटा नयाँ सूत्र तथा (१) वसेस्तव्यत्कर्तरि णिच्च एउटा नयाँ वार्तिकको अध्ययन कौ.सा.मा गरिएको छ । त्यसैगरी ल.कौ.को पूर्वकृदन्तमा ६४ सूत्र र दुईवटा वार्तिक पढिएको छ भने कौ.सा.मा ६८ सूत्र र तीनवटा वार्तिकको अध्ययन गरिएको छ । तीमध्ये ४६ वटा सूत्र र एउटा वार्तिक दुवै कौमुदीमा समान रहेका छन् । ल.कौ.मा पढिएका (४) आतश्चोपसर्गे, (५) गेहे कः, (६) चरेष्टः, (६) भिक्षासेनादायेषु च, (७) अतः कृकमिकंसकुम्भपात्रकुशाकर्णीष्विनव्ययस्य, (८) एजेः खश्, विड्वनोरनुनासिकस्याऽऽत्, (९) खित्यनव्ययस्य, (१०) करणे यजः, (११) दृशेः क्वनिप्, (१२) राजनि युधि कृञः, (१३)

सहे च, (१४) तत्पुरुषे कृति बहुलम्, (१५) क्षायो मः, (१६) आक्वेस्तच्छीलतद्धर्मतत्साधुकारिषु र (१७) राल्लोपः गरी १५ सूत्र तथा (२) मूलविभुजादिभयः कः एउटा वार्तिकको अध्ययन कौ.सा.मा भएको छैन । ल.कौ.को पूर्वकृदन्तमा नपढिएका (५) तत्रोपपदं सप्तमीस्थम्, (६) भुजो ण्विः, (७) अदो जग्धिर्ल्यप्ति किति, (८) यस्य विभाषा, (९) न ध्याख्यापृमूर्छिमदाम्, (१०) वसति क्षुधोरिट्, (११) गत्यर्थाकर्मशश्लिषशीङ्स्थासवनसजनरुहजीर्यतिभ्यश्च, (१२) द्यतिस्यतिमास्थामिति किति, (१३) निष्ठायां शीङ्स्विदिमिदिक्षिदिधृषः, (१४) भाषायां सदवसश्रुवः, (१५) ईदासः, (१६) स्पृहिगृहिपतिदयिनिद्रातन्द्राश्रद्धाभ्य आलुच्, (१७) ताच्छील्यवयोवचनशक्तिषु चानश्, (१८) अलङ्कृञनिराकृञप्रजनोत्पचोत्पतोन्मदरुच्यपत्रपवृतृवृधुसहचर इष्णुच्, (१९) ग्लाजिस्थश्च ग्स्नुः, (२०) चलनशब्दार्थादकर्मकाद्युच्, (२१) लषपतपदस्थाभूवृषहनकमगमशृभ्य उकञ्, (२२) स्थेशभासपिसकसो वरच्, (२३) भञ्जभासमिदो घुरच्, (२४) सृघस्यदः क्मरच्, (२५) विदिभिदिच्छिदेः कुरच् र (२६) इण्नशजिसर्तिभ्यः क्वरप् गरी २१ वटा नयाँ सूत्र तथा (२) अन्यत्रापि दृश्यते र (३) शीङो वाच्यः दुईवटा नयाँ वार्तिक कौ.सा.मा अध्ययन गरिएका छन् । त्यस्तै ल.कौ. र कौ.सा. दुवैको उणादिमा समान रूपमा १/१ वटा पाणिनीयसूत्र र उणादिसूत्र पढिएका छन् । त्यसैगरी ल.कौ.को उत्तरकृदन्तमा ३९ सूत्र र चारवटा वार्तिक पढिएका छन् भने कौ.सा.मा ३१ सूत्र र छवटा वार्तिकको अध्ययन गरिएको छ । तीमध्ये २७ वटा सूत्र र चारवटा वार्तिक दुवै कौमुदीमा समान रहेका छन् भने ल.कौ.मा पढिएका (१८) कालसमयवेलासु तुमुन्, (१९) अकर्तरि च कारके संज्ञायाम्, (२०) घञि च भावकरणयोः, (२१) निवासचितिशरीरोपसमाधानेषवदेश्च कः, (२२) उपसर्गे घोः किः, (२३) ऊतियूतिजूतिसातिहेतिकीर्तयश्च, (२४) ज्वरत्वरस्रिव्यविमवामुपधायाश्च, (२५) इच्छा, (२६) पुंसि संज्ञायां घः प्रायेण, (२७) छादेर्घेऽद्व्युपसर्गस्य, (२८) अलंखल्वोः प्रतिषेधयोः प्राचां क्त्वा र (२९) अन्यथैवंकथमित्थंसु सिद्धाप्रयोगश्चेत् १२ वटा सूत्र कौ.सा.मा पढिएका छैनन् । ल.कौ.को उत्तरकृदन्तमा नपढिएका (२७) षिद्भिदादिभ्योऽङ्, (२८) आवश्यकाधमर्ण्ययोर्णिनि, (२९) वा ल्यपि र (३०) न ल्यपि चारवटा नयाँ सूत्र तथा (४) मान्तनिटां वा र (५) नान्तानिटां नित्यम् दुईवटा नयाँ वार्तिकको अध्ययन कौ.सा.मा भएको पाइन्छ । यसप्रकार ल.कौ.का चारवटै कृदन्त प्रकरणमा १२२ वटा पाणिनीय सूत्र, एउटा उणादिसूत्र र ७ वटा वार्तिक पढिएका छन् भने कौ.सा.का चारवटै कृदन्त प्रकरणमा ११९ पाणिनीय सूत्र, एउटा उणादि सूत्र र १० वटा वार्तिकहरूको अध्ययन गरिएको छ । तीमध्ये ल.कौ.मा पढिएका २९ सूत्र र दुईवटा वार्तिकको अध्ययन कौ.सा.का सम्बद्ध प्रकरणमा गरिएको देखिँदैन भने कौ.सा.का तिङन्तअन्तर्गतका सम्बद्ध प्रकरणमा ३० वटा नयाँ सूत्रको र पाँचवटा नयाँ वार्तिकको अध्ययन भएको पाइन्छ ।

**'कौमुदीसार' ग्रन्थको कारक प्रकरणका सूत्र र वार्तिकको समीक्षा**

ल.कौ.को विभक्त्यर्थ (कारक) प्रकरणमा १६ सूत्र पढिएका छन् भने कौ.सा.मा ४२ सूत्र र १३ वटा वार्तिकको अध्ययन गरिएको छ । तीमध्ये १५ वटा सूत्र दुवै कौमुदीमा समान रूपमा पढिएका छन् भने ल.कौ.मा पढिएको (३०) स्वतन्त्रः कर्ता एउटा सूत्र कौ.सा.मा पढिएको छैन । ल.कौ.मा नपढिए पनि कौ.सा.मा पढिएका २७ वटा नयाँ सूत्रहरू यसप्रकार छन् : (३१) गतिबुद्धिप्रत्यवसानार्थशब्दकर्माकर्मकाणामणिकर्ता स णौ, (३२) हृक्रोरन्यतरस्याम्, (३३) अधिशीङ्स्थासां कर्म, (३४) अभिनिविशश्च, (३५) उपान्वध्याङ्वसः, (३६) अन्तरान्तरेण युक्ते, (३७) कालाध्वनोरत्यन्तसंयोगे, (३८) अपवर्गे तृतीया, (३९) सहयुक्ते प्रधाने, (४०) येनाङ्गविकारः, (४१) इत्थं भूतलक्षणे, (४२) हेतौ, (४३) रुच्यर्थानां प्रीयमाणः, (४४) जनिकर्तुः प्रकृतिः, (४५) अन्यारादितरर्ते दिक्शब्दाच्चूत्तरपदाजाहियुक्ते, (४६) आङ्मर्यादावचने, (४७) पञ्चम्यपाङ्परिभिः, (४८) भीत्रार्थानां भयहेतुः, (४९) कर्तृकर्मणोः कृति, (५०) उभयप्राप्तौ कर्मणि, (५१) कृत्यानां कर्तरि वा, (५२) न लोकाव्ययनिष्ठाखलर्थतृनाम्, (५३) षष्ठ्यतसर्थप्रत्ययेन, (५४) दूरान्तिकार्थैः षष्ठ्यन्यतरस्याम्, (५५) यस्य च भावने भावलक्षणम्, (५६) यतश्च निर्धारणम् र (५७) पञ्चमी विभक्ते । त्यसैगरी ल.कौ.मा नपढिए पनि कौ.मा.मा पढिएका १३ वटा नयाँ वार्तिकहरू यसप्रकार छन् : (६) अकर्मकधातुभिर्योगे देशः कालो भावो गन्तव्योऽध्वा च कर्मसंज्ञक इति वाच्यम्, (७) नीवह्योर्न, (८) जल्पतिप्रभृतीनामुपसंख्यानम्, (९) दृशेश्च, (१०) शब्दायतेर्न, (११) उभसर्वतसोः कायां धिगुपर्यादिषु त्रिषु । द्वितीयाम्रेडितान्तेषु ततो ऽन्यत्रापि दृश्यते ॥, (१२) अभितः परितः समया निकषा हा प्रति योगेऽपि, (१३) प्रकृत्यादिभ्य उपसंख्यानम्, (१४) तादर्थ्ये चतुर्थी वाच्या, (१५) क्लृपि सम्पद्यमाने च, (१६) उत्पातेन ज्ञापिते च, (१७) ल्यब्लोपे कर्मण्यधिकरणे च र (१८) गुणकर्मणि वेष्यते ।

यसप्रकार ल.कौ.को विभक्त्यर्थमा पढिएका १६ सूत्रमध्ये एउटा सूत्र कौ.सा.मा नपढिए पनि १५ वटा सूत्र पूर्णतः समान रहेका तथा २७ वटा नयाँ सूत्र र १३ वटा नयाँ वार्तिकको अध्ययनसमेत कौ.सा.मा भएको देखिन्छ।

**'कौमुदीसार' ग्रन्थको समास प्रकरणका सूत्र र वार्तिकको समीक्षा**

'कौमुदीसार' ग्रन्थमा समास प्रकरणअन्तर्गत केवलसमास, अव्ययीभावसमास, तत्पुरुषसमास, बहुव्रीहिसमास, द्वन्द्वसमास र समासान्त गरी छवटा प्रकरणहरू रहेका छन्। तीमध्ये ल.कौ.को केवलसमास प्रकरणमा तीन सूत्र र एउटा वार्तिकको अध्ययन गरिएको छ भने कौ.सा.मा दुईवटा सूत्र मात्र पढिएका छन्। तीमध्ये दुईवटा सूत्र दुवै कौमुदीमा समान रूपमा पढिएका छन् भने ल.कौ.मा पढिएको (३१) प्राकडारात्समासः एउटा सूत्र र (३) इवेन समासो विभक्त्यलोपश्च एउटा वार्तिकको अध्ययन कौ.सा.मा भएको छैन। त्यसैगरी ल.कौ.को अव्ययीभाव प्रकरणमा १५ वटा पाणिनीय सूत्र, एउटा वार्तिक र एउटा गणसूत्र पढिएका छन् भने कौ.सा.मा १० वटा पाणिनीय सूत्र र एउटा गणसूत्रको अध्ययन भएको छ। तीमध्ये १० वटा सूत्र दुवै कौमुदीमा समान रूपमा पढिएका छन्। ल.कौ.मा पढिएका (३२) अव्ययीभावः, (३३) नदीभिश्च, (३४) अव्ययीभावे शरत्प्रभृतिभ्यः, (३५) नपुंसकादन्यतरस्याम् र (३६) झयः पाँचवटा सूत्र, (४) समाहारे चायमिष्यते एउटा वार्तिक र (१) जराया जरश्च एउटा गणसूत्रको अध्ययन कौ.सा.मा पढिएको छैन भने ल.कौ.मा नपढिएको (१) प्रतिपरसमनुभ्योऽक्षणः एउटा नयाँ गणसूत्रको अध्ययन कौ.सा.मा भएको पाइन्छ।

ल.कौ.को तत्पुरुष समास प्रकरणमा ४३ सूत्र र ११ वार्तिक पढिएका छन् भने कौ.सा.मा ४१ सूत्र र ७ वटा वार्तिकको अध्ययन भएको छ। तीमध्ये ३३ वटा सूत्र र चारवटा वार्तिक दुवै कौमुदीमा समान रूपमा पढिएका छन्। तीमध्ये कौ.सा.मा 'दिक्संख्ये संज्ञायाम्' एउटै सूत्र दुईपटक पढिएको छ। ल.कौ.को तत्पुरुष समासमा पढिएको 'तत्रोपपदं सप्तमीस्थम्' सूत्र कौ.सा.को पूर्वकृदन्त प्रकरणमा पढिएकाले तत्पुरुष समासमा त्यसको पुनरावृत्ति नगरिएको हो। ल.कौ.मा पढिएका (३७) तत्पुरुषः, (३८) द्विगुश्च, (३९) स्तोकान्तिकदूरार्थकृच्छ्राणि क्तेन, (४०) पञ्चम्याः स्तोकादिभ्यः, (४१) पूर्वापराधरोत्तरमेकदेशिनैकाधिकरणे, (४२) अर्धं नपुंसकम्, (४३) उपपदमतिङ्, (४४) आन्महतः समानाधिकरणजातीययोः, (४५) परवल्लिङ्गं द्वन्द्वतत्पुरुषयोः र (४६) अर्धर्चाः पुंसि च गरी ९ सूत्र तथा (५) सर्वनाम्नो वृत्तिमात्रे पुंवद्भावः, (६) प्रादयो गताद्यर्थे प्रथमया, (७) अवादयः क्रुष्टाद्यर्थे तृतीयया, (८) पर्यादयो ग्लानाद्यर्थे चतुर्थ्या, (९) संख्यापूर्वं रात्रं क्लीबम् र (१०) द्विगुप्राप्तापन्नालम्पूर्वगतिसमासेषु प्रतिषेधो वाच्यः ६ वार्तिकको अध्ययन कौ.सा.को तत्पुरुष प्रकरणमा भएको पाइँदैन। त्यस्तै ल.कौ.मा नपढिएका (५८) अन्नेन व्यञ्जनम्, (५९) पूरणगुणसुहितार्थसदव्ययतव्यसमनाधिकरणेन, (६०) अर्धं नपुंसकम्, (६१) विभाषा चत्वारिंशत्प्रभृतौ सर्वेषाम्, (६२) सन्महत्परमोत्तमोत्कृष्टाः पूज्यमानैः, (६३) आन्महतः समानाधिकरणजातीययोः, (६४) पुंवत्कर्मधारयजातीयदेशीयेषु र (६५) उपमितं व्याघ्रादिभिः सामान्याप्रयोगे ८ वटा नयाँ सूत्र तथा (१९) प्राक्शतादिति वक्तव्यम्, (२०) शाकपार्थिवादीनां सिद्धये उत्तरपदलोपस्योपसंख्यानम् र (२१) द्वन्द्वतत्पुरुषयोरुत्तरपदे नित्यसमासवचनम् तीनवटा नयाँ वार्तिकको अध्ययन कौ.सा.मा भएको देखिन्छ।

ल.कौ.को बहुव्रीहि समास प्रकरणमा २० सूत्र र २ वार्तिक पढिएका छन् भने कौ.सा.मा २१ सूत्रको अध्ययन भएको छ। तीमध्ये १४ वटा सूत्र र चारवटा वार्तिक दुवै कौमुदीमा समान रूपमा पढिएका छन्। ल.कौ.मा पढिएका (४७) हलदन्तात्सप्तम्याः संज्ञायाम्, (४८) उद्विभ्यां काकुदस्य, (४९) पूर्णाद्विभाषा, (५०) सुहृददुहृदौ मित्रामित्रयोः, (५१) कस्कादिषु च र (५२) निष्ठा ६ वटा सूत्र तथा (११) प्रादिभ्यो धातुजस्य वाच्यो वा चोत्तरपदलोपः र (१२) नञोऽस्त्यर्थानां वाच्यो वा चोत्तरपदलोपः दुईवटा वार्तिकको अध्ययन कौ.सा.मा भएको पाइँदैन। त्यस्तै ल.कौ.मा नपढिएका (६६) नद्यृतश्च, (६७) केऽणः, (६८) न कपि, (६९) तेन सहेति तुल्ययोगे (७०) वोपसर्जनस्य, (७१) नित्यमसिच् प्रजामेधयोः र (७२) धर्मादनिच्केवलात् ७ वटा नयाँ सूत्र कौ.सा.मा पढिएका छन्। त्यसैगरी ल.कौ.को द्वन्द्वसमास प्रकरणमा ८ सूत्र र एउटा वार्तिक पढिएको छ भने कौ.सा.मा ८ सूत्रको मात्र अध्ययन भएको छ। तीमध्ये ७ वटा सूत्र दुवै कौमुदीमा समान रूपमा पढिएका छन्। ल.कौ.मा पढिएको (५३) राजदन्तादिषु परम् एउटा सूत्र र (१३) धर्मादिष्वनियमः एउटा वार्तिकको अध्ययन कौ.सा.मा भएको देखिँदैन भने ल.कौ.मा नपढिएको (७३) आनङ् ऋतो द्वन्द्वे एउटा नयाँ सूत्रको अध्ययन कौ.सा.मा भएको छ। त्यस्तै ल.कौ.को समासान्त प्रकरणमा चार सूत्र पढिएको छ भने कौ.सा.मा एउटा सूत्रको मात्र अध्ययन भएको छ। तीमध्ये एउटा सूत्र दुवै कौमुदीमा समान रूपमा पढिएको छ भने

ल.कौ.मा पढिएका (५४) अक्ष्णोऽदर्शनात्, (५८) उपसर्गादध्वनः र (५९) न पूजनात् तीन सूत्रको अध्ययन कौ.सा.मा भएको पाइँदैन । यसप्रकार ल.कौ.का छवटै समास प्रकरणमा ५३ पाणिनीय सूत्र, एउटा गणसूत्र र १६ वार्तिक पढिएका छन् भने कौ.सा.मा ८३ पाणिनीय सूत्र, एउटा गणसूत्र र ८ वार्तिकको अध्ययन गरिएको छ । तीमध्ये ल.कौ. र कौ.सा. दुवैमा ६७ सूत्र र ८ वार्तिक समान रूपमा पढिएका छन् । त्यसैगरी ल.कौ.मा पढिएका २९ सूत्र र ११ वार्तिकको अध्ययन कौ.सा.का समास प्रकरणमा गरिएको देखिँदैन भने कौ.सा.का समास प्रकरणमा १६ नयाँ सूत्र र तीनवटा नयाँ वार्तिकको अध्ययन भएको पाइन्छ ।

**'कौमुदीसार' ग्रन्थको तद्धित प्रकरणका सूत्र र वार्तिकको समीक्षा**

'कौमुदीसार' ग्रन्थमा समास प्रकरणअन्तर्गत साधारणप्रत्यय, अपत्याधिकार, रक्ताद्यर्थक, शैषिक, विकारार्थक, ठगधिकार, यदधिकार, छयतोरधिकार, ठञधिकार, तुल्यभावार्थक, भवनाद्यर्थक, मत्वर्थीय, प्राग्दिशीय, प्रागिवीय र स्वार्थिक गरी १५ वटा प्रकरणहरू रहेका छन् । ल.कौ.मा रक्ताद्यर्थक र चातुरर्थिक भनेर पढिएका दुई प्रकरणलाई कौ.सा.मा एउटै प्रकरणका रूपमा रक्तार्थक प्रकरण पढिएको छ । तद्धित प्रकरणका १५ वटा उपर्युक्त अवान्तर प्रकरणमध्ये पहिलो साधारणप्रत्यय प्रकरणमा ल.कौ.मा ६ सूत्र र ४ वार्तिक पढिएको छ भने कौ.सा.मा ७ सूत्र र ४ वार्तिकको अध्ययन भएको छ । तीमध्ये ६ सूत्र र ४ वार्तिक दुवै कौमुदीमा समान रूपमा पढिएका छन् भने ल.कौ.को अच्सन्धिमा पढिएको 'वान्तो यि प्रत्यये' सूत्र कौ.सा.मा नयाँ सूत्रका रूपमा अध्ययन गरिएको छ । त्यस्तै ल.कौ.को अपत्याधिकार प्रकरणमा ३० सूत्र र ६ वार्तिक पढिएको छ भने कौ.सा.मा २६ सूत्र र ३ वार्तिकको अध्ययन भएको छ । तीमध्ये २५ सूत्र र ३ वार्तिक दुवै कौमुदीमा समान रूपमा पढिएका छन् । ल.कौ.मा पढिएका (६०) एको गोत्रे, (६१) बाह्वादिभ्यश्च, (६२) शिवादिभ्योऽण् र (६३) रेवत्यादिभ्यष्ठक् चार सूत्र तथा (१४) लोम्नोऽपत्येषु बहुष्वकारो वक्तव्यः, (१५) राज्ञो जातावेवेति वाच्यम् र (१६) पाण्डोर्ड्यण् तीनवटा वार्तिकको अध्ययन कौ.सा.मा भएको छैन भने ल.कौ.मा नपढिएको (७४) द्व्यञ्मगधकलिङ्गसूरमसादण् एउटा नयाँ सूत्र कौ.सा.मा पढिएको छ । त्यसैगरी ल.कौ.मा रक्ताद्यर्थक र चातुरर्थिक दुवै प्रकरणलाई भिन्नाभिन्नै प्रकरणका रूपमा विभाजन गरे पनि कौ.सा.मा यी दुवै प्रकरणलाई रक्ताद्यर्थक एउटै प्रकरणका रूपमा अध्ययन गरिएको छ । तदनुसार ल.कौ.का रक्ताद्यर्थक प्रकरणमा २३ सूत्र र ४ वार्तिक तथा चातुरर्थिक प्रकरणमा १२ सूत्र गरी ३५ सूत्र र ४ वार्तिक पढिएका छन् भने कौ.सा.को रक्ताद्यर्थक प्रकरणमा १९+१० = २९ सूत्र र १+१ = २ वार्तिकको अध्ययन भएको छ । कौ.सा.को रक्ताद्यर्थक प्रकरणको अन्तमा वार्तिकका रूपमा पढिएको 'नडशादाड्ड्वलच्' (पृ. १६९) वार्तिक नभएर अष्टाध्यायी (मिश्र, १९७७, पृ. १०७) को क्रमसङ्ख्या ४।२।८८ अनुसार पाणिनीय सूत्र हो । उपर्युक्त सूत्र र वार्तिकमध्ये १७+१० = २७ सूत्र र एउटा वार्तिक दुवै कौमुदीमा समान रूपमा पढिएका छन् । ल.कौ.मा पढिएका (६४) दृष्टं साम, (६५) वामदेवाड्ड्यड्ड्यौ, (६६) परिवृतो रथः, (६७) भिक्षादिभ्योऽण्, (६८) इनण्यनपत्ये, (६९) अचित्तहस्तिधेनोष्ठक्, (७०) इसुसुक्तान्तात्कः, (७१) वरणादिभ्यश्च र (७२) शिखाया वलच् ९ सूत्र तथा (१७) तिष्यपुपुष्ययोर्नक्षत्राणि यलोप इति वाच्यम्, (१८) भस्याढे तद्धिते र (१९) अह्नः खः क्रतौ तीन वार्तिकको अध्ययन कौ.सा.मा भएको छैन भने ल.कौ.मा नपढिएका (७५) ठस्येकः, (७६) तदस्यां प्रहरणमिति क्रीडायां णः र (७७) नद्यां मतुप् तीन नयाँ सूत्रको अध्ययन कौ.सा.मा भएको छ ।

ल.कौ.को शैषिक प्रकरणमा ४२ सूत्र र ६ वार्तिक पढिएको छ भने कौ.सा.मा ३६ सूत्र र ४ वार्तिकको अध्ययन भएको छ । तीमध्ये कौ.सा.को रक्ताद्यर्थक प्रकरणमा पढिएको 'ठस्येकः' सूत्रको शैषिक प्रकरणमा पुनरावृत्ति भएको छ भने ल.कौ.को रक्ताद्यर्थक प्रकरणमै पढिएको 'इसुसुक्तान्तात्कः' सूत्र कौ.सा.को शैषिक प्रकरणमा पढिएको छ । २९ सूत्र र ३ वार्तिक दुवै कौमुदीमा समान रूपमा पढिएका छन् । ल.कौ.मा पढिएका (७३) गहादिभ्यश्च, (७४) मध्यान्मः, (७५) प्रावृष एण्यः, (७६) प्रावृषष्ठप्, (७७) कोशाड्ढञ्, (७८) दिगादिभ्यो यत्, (७९) शरीरावयवाच्च, (८०) अनुशतिकादीनां च, (८१) जिह्वामूलाङ्गुलेश्छः, (८२) वर्गान्ताच्च, (८३) हेतुमनुष्येभ्योऽन्यतरस्यां रूप्यः, (८४) मयट् च र (८५) अभिनिष्क्रामति द्वारम् १३ सूत्र तथा (२०) अमेहक्वतसित्रेभ्य एव, (२१) त्यब्नेर्ध्रुव इति वक्तव्यम् र (२२) अध्यात्मादेष्ठञिष्यते तीन वार्तिकको अध्ययन कौ.सा.मा भएको छैन भने ल.कौ.मा नपढिएका (७८) भवतष्ठक्छसौ, (७९) ऐषमोह्यश्वसोरन्यतरस्याम्, (८०) ऋतष्ठञ्, (८१) पितुर्यच्च र (८२) उपज्ञाते च पाँचवटा नयाँ सूत्र तथा (२२) सिति च एउटा नयाँ वार्तिक कौ.सा.को शैषिक प्रकरणमा पढिएको छ । त्यस्तै ल.कौ.को विकारार्थक प्रकरणमा ६ सूत्र र

एउटा वार्तिक पढिएको छ भने कौ.सा.मा ७ सूत्र र एउटा वार्तिकको अध्ययन भएको छ। तीमध्ये ५ सूत्र र एउटा वार्तिक दुवै कौमुदीमा समान रूपमा पढिएका छन् । ल.कौ.मा पढिएको (८६) नित्यं वृद्धशरादिभ्यः एउटा सूत्रको अध्ययन कौ.सा.मा भएको छैन भने ल.कौ.मा नपढिएका (८३) त्रपुजतुनो षुक् र (८४) फले लुक् दुईवटा नयाँ सूत्रको अध्ययन कौ.सा.मा भएको छ। त्यसैगरी ल.कौ.को ठगधिकार प्रकरणमा १४ सूत्र र एउटा वार्तिक पढिएको छ भने कौ.सा.मा १५ सूत्र र एउटा वार्तिकको अध्ययन भएको छ। तीमध्ये ११ सूत्र र एउटा वार्तिक दुवै कौमुदीमा समान रूपमा पढिएका छन्। ल.कौ.मा पढिएका (८७) उञ्छति, (८८) शब्ददर्दुरं करोति र (८९) निकटे वसति तीन सूत्रको अध्ययन कौ.सा.मा भएको छैन भने ल.कौ.मा नपढिएका (८५) वेतनादिभ्यो जीवति, (८६) हरत्युत्सङ्गादिभ्यः, (८७) निर्वृत्तेऽक्षद्यूतादिभ्यः र (८८) तदस्य पण्यम् चारवटा नयाँ सूत्रको अध्ययन कौ.सा.मा भएको छ।

ल.कौ.को ठगधिकार प्रकरणमा ७ सूत्र र एउटा वार्तिक पढिएको छ भने कौ.सा.मा ६ सूत्रको अध्ययन गरिएको छ। तीमध्ये ल.कौ.को तनादिमा पढिएको 'न भकुर्छुराम्' सूत्र ल.कौ.कै ठगधिकारमा पुनरावृत्ति भएको छ भने अन्य ६ सूत्र र एउटा वार्तिक दुवै कौमुदीमा समान रूपमा पढिएका छन्। त्यस्तै ल.कौ.को छयतोरधिकार प्रकरणमा ६ सूत्र र एउटा वार्तिक पढिएको छ भने कौ.सा.मा ५ सूत्र मात्र पढिएका छन्। तीमध्ये ५ सूत्र दुवै कौमुदीमा समान रूपमा पढिएका छन् भने ल.कौ.मा पढिएको (९०) शरीरायवाद्यत् एउटा सूत्र र (२३) नाभि नभं च एउटा वार्तिकको अध्ययन कौ.सा.मा गरिएको छैन। त्यसैगरी ल.कौ. र कौ.सा. दुवै कौमुदीका ठञधिकार प्रकरणमा ८/८ सूत्र पढिएका छन्। तीमध्ये ६ सूत्र दुवै कौमुदीमा समान रूपमा अध्ययन गरिएका छन् । ल.कौ.मा पढिएका (९१) पङ्क्तिविंशतित्रिंशच्चत्वारिंशत्पञ्चाशत्षष्टिसप्तत्यशीतिनवतिशतम् र (९२) तेन निर्वृत्तम् दुई सूत्रको अध्ययन कौ.सा.मा गरिएको छैन भने ल.कौ.मा नपढिएका (८९) संख्याया अतिशदन्तायाः कन् र (९०) अनुशतिकादीनाञ्च दुई नयाँ सूत्रको अध्ययन कौ.सा.मा गरिएको छ। त्यस्तै ल.कौ.मा त्वतलोरधिकार भनेर जुन प्रकरणको अध्ययन गरिएको छ कौ.सा.मा त्यही प्रकरणलाई तुल्यभावार्थक प्रकरण भनेर नामकरण गरिएको छ। तदनुसार ल.कौ.को त्वतलोरधिकार प्रकरणमा १३ सूत्र पढिएको छ भने कौ.सा.मा ९ सूत्र र एउटा वार्तिकको अध्ययन भएको छ। तीमध्ये ९ सूत्र दुवै कौमुदीमा समान रूपमा पढिएका छन्। ल.कौ.मा पढिएका (९३) आ च त्वात्, (९४) इगन्ताच्च लघुपूर्वात्, (९५) सख्युर्यः र (९६) कपिज्ञात्योर्ढक् चार सूत्रको अध्ययन कौ.सा.मा भएको छैन भने ल.कौ.मा नपढिएको (२३) चतुर्वर्णादीनां स्वार्थे उपसंख्यानम् एउटा नयाँ वार्तिकको अध्ययन कौ.सा.मा गरिएको छ। त्यसैगरी ल.कौ.को भवनाद्यर्थक प्रकरणमा २१ सूत्र पढिएको छ भने कौ.सा.मा १८ सूत्र र एउटा वार्तिक पढिएका छन्। तीमध्ये १५ सूत्र दुवै कौमुदीमा समान रूपमा पढिएका छन् । ल.कौ.मा पढिएका (९७) हैयङ्गवीनं संज्ञायाम्, (९८) उभादुदात्तो नित्यम्, (९९) द्वेस्तीयः, (१००) श्रोत्रियंश्छन्दोऽधीते, (१०१) पूर्वादिनिः र (१०२) सपूर्वाच्च ६ सूत्र कौ.सा.मा पढिएका छैनन् भने ल.कौ.मा नपढिएका (९१) किमः संख्यापरिमाणे डति च, (९२) विंशत्यादिभ्यस्तमडन्यतरस्याम् र (९३) साक्षाद्द्रष्टरि संज्ञायाम् तीन नयाँ सूत्र तथा (२४) चतुरश्छयतावाद्यक्षरलोपश्च एउटा नयाँ वार्तिकको अध्ययन कौ.सा.मा गरिएको छ।

ल.कौ.को मत्वर्थीय प्रकरणमा १२ सूत्र र एउटा वार्तिकको अध्ययन गरिएको छ भने कौ.सा.मा ७ सूत्र पढिएका छन्। तीमध्ये ७ सूत्र दुवै कौमुदीमा समान रूपमा पढिएका छन्। ल.कौ.मा पढिएका (१०३) प्राणिस्थातो लजन्यतरस्याम्, (१०४) लोमादिपामादिपिच्छादिभ्यः शनेलचः, (१०५) दन्त उन्नत उरच्, (१०६) केशाद्वोऽन्यतरस्याम् र (१०७) अहंशुभोर्युस् ५ सूत्र तथा (२४) प्राण्यङ्गादेव एउटा वार्तिकको अध्ययन कौ.सा.मा भएको छैन । त्यस्तै ल.कौ.को प्राग्दिशीय प्रकरणमा २१ सूत्र र एउटा वार्तिकको अध्ययन गरिएको छ भने कौ.सा.मा २२ सूत्र पढिएका छन्। तीमध्ये १९ सूत्र दुवै कौमुदीमा समान रूपमा पढिएका छन् भने ल.कौ.मा 'एतदः' भनेर पढिएको सूत्र कौ.सा.मा 'एतदोऽन्' भनेर असमान रूपमा पढिएको छ । पाणिनि (१९७७, पृ. १५५) ले 'एतदः' सूत्र नपढेर 'एतदोऽन्' सूत्र पढेका, पतञ्जलि (१९९१, पृ. ३६२) ले पनि 'एतदोऽन्' सूत्र पढेर अन्तमा योगविभाग गरी 'एतदः' र 'अन्' सूत्र पढ्न निर्देश गरेका, दीक्षित (१९८२, पृ. ५९१) ले 'एतदोऽन्' सूत्र पढेर योगविभागको व्याख्यान गरेका, पहिलो अध्ययनमा वरदराज (१९८१, पृ. ५७१, ५७४) ले उक्त सूत्रका सन्दर्भमा 'एतदोऽन्' र 'एतदः' दुवै पाठ पढेका तथा दोस्रो अध्ययनमा वरदराज (२०४०, पृ. २९०) 'एतदः' पाठ मात्रै पढेको देखिन्छ। ल.कौ.अनुसार 'एतदः' सूत्रपाठ पढ्नुभन्दा पाणिनीय सूत्रपाठअनुसार 'एतदोऽन्' पढेर पतञ्जलिकै मतका आधारमा योगविभागको व्याख्या गर्नु युक्तिसङ्गत हुन्छ। ल.कौ.मा पढिएको (१०८) इतराभ्योऽपि

दृश्यन्ते एउटा सूत्र र (२५) एतदोऽपि वाच्यः एउटा वार्तिकको अध्ययन कौ.सा.मा भएको छैन भने ल.कौ.मा नपढिएका (९४) दानीञ्च र (९५) तदो दा च दुई नयाँ सूत्रको अध्ययन कौ.सा.मा गरिएको छ।

ल.कौ.को प्रागिवीय प्रकरणमा २० सूत्र र एउटा वार्तिकको अध्ययन गरिएको छ भने कौ.सा.मा १७ सूत्र पढिएका छन् । तीमध्ये १३ सूत्र दुवै कौमुदीमा समान रूपमा पढिएका छन् । ल.कौ.मा पढिएका (१०९) प्रशस्यस्य श्रः, (११०) प्रकृत्यैकाच्, (१११) ज्य च, (११२) ज्यादादीयसः, (११३) बहोर्लोपो भू च बहोः, (११४) इष्ठस्य यिट् च र (११५) कुत्सिते ७ सूत्र तथा (२६) ओकारसकारभकारादौ सुपि सर्वनाम्नष्टेः प्रागकच्, अन्यत्र सुबन्तस्य वार्तिक कौ.सा.मा पढिएको पाइँदैन भने ल.कौ.मा नपढिएका (९६) दिक्छब्देभ्यः सप्तमीपञ्चमीप्रथमाभ्यो दिग्देशकालेष्वस्तातिः, (९७) पूर्वाधरावराणामसिपुरधवश्चैषाम्, (९८) अस्ताति च र (९९) संख्याया विधार्थे धा चारवटा नयाँ सूत्रको अध्ययन कौ.सा.मा गरिएको छ । त्यसैगरी ल.कौ.को प्रागिवीय प्रकरणमा १० सूत्र र ६ वार्तिकको अध्ययन गरिएको छ भने कौ.सा.मा ९ सूत्र र ६ वटै वार्तिक पढिएका छन् । तीमध्ये ९ सूत्र र ६ वार्तिक दुवै कौमुदीमा समान रूपमा पढिएका छन् । तीमध्येमा पनि कौ.सा.को भ्वादि प्रकरणमा पढिएको 'सात्पदाद्योः' सूत्रको पुनरावृत्ति कौ.सा.कै स्वार्थिक प्रकरणमा भएको छ । ल.कौ.मा पढिएको (११६) प्रज्ञादिभ्यश्च एउटा सूत्रको भने कौ.सा.मा अध्ययन भएको देखिँदैन । यसप्रकार ल.कौ.का १६ वटै तद्धित प्रकरणमा २५७ वटा सूत्र र ३३ वटा वार्तिक पढिएका छन् भने कौ.सा.का १५ वटै तद्धित प्रकरणमा २२१ वटा सूत्र र २१ वटा वार्तिकहरूको अध्ययन गरिएको छ । तीमध्ये ल.कौ. र कौ.सा. दुवैमा १९२ वटा सूत्र र २० वटा वार्तिक समान रूपमा पढिएका छन् । त्यसैगरी ल.कौ.मा पढिएका ५७ वटा सूत्र र १३ वटा वार्तिकको अध्ययन कौ.सा.का तद्धित प्रकरणमा गरिएको देखिँदैन भने कौ.सा.का तद्धित प्रकरणमा २६ वटा नयाँ सूत्र र तीनवटा नयाँ वार्तिकको अध्ययन भएको पाइन्छ ।

### कौमुदीसार' ग्रन्थको स्त्रीप्रत्यय प्रकरणका सूत्र र वार्तिकको समीक्षा

ल.कौ.को स्त्रीप्रत्यय प्रकरणमा २९ पाणिनीय सूत्र, एउटा गणसूत्र र १५ वार्तिकको अध्ययन गरिएको छ भने कौ.सा.मा २० पाणिनीय सूत्र, एउटा गणसूत्र र १४ वटा वार्तिक पढिएका छन् । तीमध्ये १९ पाणिनीय सूत्र, एउटा गणसूत्र र १३ वार्तिक दुवै कौमुदीमा समान रूपमा पढिएका छन् । ल.कौ.मा पढिएका (११७) स्त्रियाम्, (११८) यञश्च, (११९) प्राचां ष्फ तद्धितः, (१२०) वर्णादनुदात्तात्तोपधात्तो नः, (१२१) न क्रोडादिबह्वचः, (१२२) नखमुखात्संज्ञायाम्, (१२३) पूर्वपदात्संज्ञायामगः र (१२४) शार्ङ्गरवाद्यञो ङीन् ८ सूत्र तथा (२७) नञ्स्नञीकक्ख्युंस्तरुणतलुनानामुपसंख्यानम् र (२८) सूर्यागस्त्ययोश्छे च ङ्यां च दुई वार्तिकको अध्ययन कौ.सा.मा गरिएको छैन भने ल.कौ.मा नपढिएको (२५) वयस्य चरम इति वाच्यम् एउटा नयाँ वार्तिकको भने कौ.सा.मा अध्ययन गरिएको छ ।

### 'कौमुदीसार' ग्रन्थका हस्तलिखित संशोधनहरूको समीक्षा

लेखक छविलाल शर्मा पोखे्रलको पारिवारिक सङ्कलनमा रहेको 'कौमुदीसार' ग्रन्थका केही स्थलमा लेखक स्वयंले हस्तलिखित संशोधन गरी यस ग्रन्थको आवरणपृष्ठको शीर्षभागमा 'संशोधित' शब्द उल्लेख गरिएका छन्, जसको पृथक् चर्चा यस ग्रन्थको सुरुदेखि लकारार्थसम्मका पूर्वार्द्धमूलक प्रकरणहरूको समीक्षाका सन्दर्भमा अन्यत्र गरिएको छ । त्यसबाहेक कृदन्तदेखि स्त्रीप्रत्ययसम्मका उत्तरार्द्धमूलक प्रकरणका सन्दर्भमा ३।१।१३५ (पृ. १२७), कृञष्टः, भजो, दृश्यन्ते (पृ. १२८), इङ्, मूर्तः (पृ. १३०) र संहित (पृ. १९२) शब्दको संशोधन तथा आतश्चोपसर्गे ।३।१।१३६।। प्रज्ञः । सुरः । (पृ. १२७) अंशसमेत लेखक स्वयंले हस्तलिखित रूपमा संशोधन गरेको पाइन्छ । लेखकले संशोधन तथा थप गरेका उपर्युक्त पाठबाहेक मुख्यतः पदयोग र पदवियोग तथा अंशतः अष्टाध्यायी सूत्रक्रम र पाठभेदसँग सम्बद्ध सयौँ संशोधनीय पाठहरू पनि 'कौमुदीसार' ग्रन्थमा भेटिन्छन् ।

### 'कौमुदीसार' ग्रन्थका सूत्र र वार्तिकसँग सम्बद्ध संशोधनीय स्थलहरूको समीक्षा

लेखक छविलाल पोखे्रलकै हस्ताक्षरबाट संशोधन गरिएका 'कौमुदीसार' ग्रन्थका संशोधनीय स्थलका अतिरिक्त सूत्र, वार्तिक र व्याख्यासँग सम्बद्ध रहेका अनेकौँ संशोधनीय स्थलहरूमध्ये यस ग्रन्थको संज्ञादेखि लकारार्थसम्मका पूर्वार्द्धगत प्रकरणमा रहेका संशोधनीय स्थलहरूको यसपूर्व नै चर्चा गरिएको छ भने कृदन्तदेखि स्त्रीप्रत्ययसम्मका

उत्तरार्द्धगत प्रकरणमा रहेका सूत्र र वार्तिकसँग सम्बद्ध पदयोग, पदवियोग आदि संशोधनीय स्थलहरू यसप्रकार छन् : इद्यति (पृ. १२६), नेड्वशिकृति, सृप्यजातौ (पृ. १२८), मूर्छिमदाम् (पृ. १३०), कि ि७ (पृ. १३१), शीङ् स्विदि, निन्दतन्द्रा, शक्तिषुचानश् (पृ. १३३), विदिमिदि, इण्नशिजिसतिभ्यः (पृ. १३४), डिवतः (पृ. १३६) अवेः स्तृत्रोर्घञ्, इषदुस्सुषुकृच्छ्रा, आधर्मण्ययोर्णिनि (पृ. १३७), समासेऽनञ् पूर्वे (पृ. १३८), आभीक्ष्णे (पृ. १३९), सणौ (पृ. १४०), तादर्थे (पृ. १४३), उपसर्जने (पृ. १४९), प्रतिपरमुभ्योथणः (पृ. १५०), चतुर्थीतदर्थार्थ (पृ. १५१), रात्रन्हहा (पृ. १५३), चत्वारिंशत्प्रभृति, नलोपोऽनञः, एकविभक्तिचापूर्वनिपाते (पृ. १५४), परमोत्तमतेकृष्टाः (पृ. १५५), सज्ञायाम्, दिक्पूर्वपदात्संज्ञायाम् (पृ. १५६), बहुव्रीहि (पृ. १५७, १५८), पुवद्भाषित पुंस्कादनूङ् (पृ. १५७), सक्थ्यिक्ष्णाः (पृ. १५८), ऋक्पूरबधूः पथामा नक्षे (पृ. १६१), यिप्रत्यये, नञ् स्नञौ (पृ. १६२), गोत्राद्यन्यस्त्रियाम् (पृ. १६३), अत इञ ( पृ. १६४), क्षत्राद्घः (पृ. १६५), युक्तवद्व्यक्तवचने (पृ. १६८), नडाशादाड्बलच् (पृ. १६९), अव्ययात्यप् (पृ. १७०), प्राय भवः (१७२), प्रग्घाद्यत् (पृ. १७६), अत्माध्वानौ (पृ. १७७), हलदेर्लघोः (पृ. १७९), ब्रीहि, ब्रैहेयम् (पृ. १८०) षट् कतिकतिपय चतुराम् (पृ. १८१), मनुप् (पृ. १८२), कुतिहोः, इश (पृ. १८३), थाल (पृ. १८५), घादाम्वप्रकर्षे (पृ. १८६), प्रागिवाकः (पृ. १८७), खे प्रतिकृतौ, तत्प्रकृतववचने, उपसंख्यानम्, सम्घकर्तरिच्वः, सति कत्स्न्पे (पृ. १८८), डाचिच, ठञ्ठञ्क्वरपः (पृ. १८९), तलुनी षिद्गौरादिभ्यश्च (पृ. १९०), इन्दवरुण (पृ. १९१) र मुकयमत्स्यानाम् (पृ. १९१) । संशोधनीय उपर्युक्त पाठका अतिरिक्त 'टिड्ढाणञ्...' सूत्रमा 'टिड्ढाणञ्' नै छुट भएको छ (पृ. १८९) । यसैगरी अष्टाध्यायीको सूत्रक्रमनिर्धारणका सन्दर्भमा ४।१।१७० हुनुपर्नेमा १।२।१७० (पृ. १६५), ६।४।१६९ हुनुपर्नेमा ६।४।१।६।९ (पृ. १७७), ५।१।१२२ हुनुपर्नेमा ५।१।११२ (पृ. १७९), ५।२।४३ हुनुपर्नेमा ५।२।१४३ (पृ. १८१), ५।३।५ हुनुपर्नेमा ५।३।२१ भएको छ भने 'प्रकारवचने थाल्' सूत्रको अष्टाध्यायी क्रमसङ्ख्या ५।३।२३ भए पनि क्रमसङ्ख्या नै छुट भएको छ। उपर्युक्त सूत्र र वार्तिकसँग सम्बद्ध संशोधनीय स्थलहरूबाहेक व्याख्यासँग सम्बद्ध संशोधनीय स्थलहरू प्रशस्तै रहेका छन्, जसको पृथक् रूपमा अनुसन्धान हुनुपर्ने देखिन्छ।

**निष्कर्ष**

छविलाल शर्मा पोखे्रलद्वारा विरचित 'कौमुदीसार' ग्रन्थको मूल शीर्षक 'लघुसिद्धान्तकौमुदी' राखिएको भए पनि यस ग्रन्थमा लघुसिद्धान्तकौमुदीमा नपढिएका तर वैयाकरणसिद्धान्तकौमुदी र मध्यसिद्धान्तकौमुदीमा उपलब्ध नयाँ सूत्र तथा वार्तिकहरूलाई समेत समावेश गरिएकाले कोष्ठकमा राखिएअनुसार यस ग्रन्थलाई 'कौमुदीसार' ग्रन्थका रूपमा नामकरण गरिनु युक्तिसङ्गत देखिएको छ । कौ.सा.मा जम्मा ५९ प्रकरण रहे तिनलाई मुख्य रूपमा संज्ञासन्धि, सुबन्त, तिङन्त, कृदन्त, कारक, समास, तद्धित र स्त्रीप्रत्यय आठ प्रकरणमा विभाजन गरी अघिल्ला तीन प्रकरणलाई पूर्वार्द्ध र पछिल्ला पाँच प्रकरणलाई उत्तरार्द्ध भागका रूपमा ग्रहण गर्न सकिन्छ। दुवै ग्रन्थका उत्तरार्द्ध भागमा रहेका सूत्र र वार्तिकको प्रकरणगत तुलनात्मक समीक्षा गर्दा समासान्त प्रकरणलाई पूर्णतः सङ्क्षेपीकरण गरिएको, उत्तरकृदन्त, केवलसमास, अव्ययीभाव, तत्पुरुष, अपत्याधिकार, रक्ताद्यर्थक, शैषिक, यदधिकार, छयतोरधिकार, तुल्यभावार्थक, भवनाद्यर्थक, मत्वर्थीय, प्रागिवीय, स्वार्थिक र स्त्रीप्रत्यय प्रकरणलाई आंशिक रूपमा सङ्क्षेपीकरण गरिएको, द्वन्द्व र ठञधिकार प्रकरणलाई प्रायः यथावत् राखिएको तथा पूर्वकृदन्त, विभक्त्यर्थ (कारक), बहुव्रीहि, विकारार्थक, ठगधिकार र प्राग्दिशीय प्रकरणलाई विस्तृतीकरण गरिएको देखिन्छ। ल.कौ.का सबै प्रकरणमा पढिएका १२७४ सूत्र र १०९ वार्तिकमध्ये कौ.सा.मा १२२१ सूत्र र १०६ वार्तिकको मात्र अध्ययन गरिएको छ । तीमध्ये ल.कौ.को कृत्यदेखि स्त्रीप्रत्ययसम्मका उत्तरार्द्धगत प्रकरणमा ४७७ सूत्र र ७१ वार्तिक पढिएका छन् भने कौ.सा.का उक्त प्रकरणहरूमा ४८५ सूत्र र ६६ वार्तिकको अध्ययन गरिएको छ। दुवै ग्रन्थमा समान रूपमा पढिएका सूत्र र वार्तिकको बाहुल्य रहे पनि ल.कौ.को उत्तरार्द्ध प्रकरणमा पढिएका १२४ सूत्र र २८ वार्तिकको अध्ययन कौ.सा.का सम्बद्ध प्रकरणहरूमा भएको छैन भने ल.कौ.मा नपढिएका ९९ नयाँ सूत्र, २५ नयाँ वार्तिक र एउटा गणसूत्रको अध्ययन कौ.सा.मा गरिएको छ । त्यसैले 'कौमुदीसार' ग्रन्थलाई तीनवटै कौमुदीग्रन्थहरूभन्दा पृथक् संरचना भएको ग्रन्थ मान्न सकिन्छ। 'कौमुदीसार'मा लेखक स्वयंले हस्तलिखित रूपमा संशोधन गरेका र संशोधन गर्न छुट भएका संशोधनीय केही स्थलहरूको सङ्केतसमेत यस अध्ययनमा गरिएको भए पनि संशोधनीय थप स्थल, पादटिप्पणीहरू र यस ग्रन्थका व्याख्यात्मक विशेषताहरूका बारेमा विस्तृत रूपमा अध्ययन हुनु आवश्यक छ।

ISSN 2676–1297
Volume 8 Issue 15 April/May 2026

**सन्दर्भसामग्री सूची**

ढकाल, मतिप्रसाद (२०८२), "छविलाल पोखे्रलकृत कौमुदीसार ग्रन्थका पूर्वार्द्ध प्रकरणहरूको संरचनात्मक समीक्षा", *लोकदर्पण* (वर्ष ६, अङ्क २, पृ. ...-...) ।

दीक्षित, भट्टोजि (सन् १९५१), *वैयाकरणसिद्धान्तकौमुदी* (चतुर्थ भाग, सम्पा. शर्मा, गिरिधर र शर्मा, परमेश्वरानन्द), दिल्ली : मोतीलाल बनारसीदास ।

दीक्षित, भट्टोजि (सन् १९८२), *वैयाकरणसिद्धान्तकौमुदी* (द्वितीय भाग, सम्पा. शर्मा, गिरिधर र शर्मा, परमेश्वरानन्द), दिल्ली : मोतीलाल बनारसीदास ।

दीक्षित, भट्टोजि (सन् १९८६), *वैयाकरणसिद्धान्तकौमुदी* (प्रथम भाग, सम्पा. शर्मा, गिरिधर र शर्मा, परमेश्वरानन्द), दिल्ली : मोतीलाल बनारसीदास ।

पन्त, नयराज (२०४९), "छोड्ट्याइएको लघुकौमुदीको अलिकता भाग", *पूर्णिमा* (८१, पृ. १-६२), काठमाडौँ : संशोधन मण्डल ।

पतञ्जलि (सन् १९९१), *व्याकरणमहाभाष्यम्* (चतुर्थं खण्डम्. सम्पा. जोशी, भार्गव शास्त्री), दिल्ली : चौखम्बा संस्कृत संस्थान ।

पाणिनि (सन् १९७७), *अष्टाध्यायीसूत्रपाठः* (सम्पा. मिश्र, नारायण ), वाराणसी : चौखम्बा ओरियन्टालिया ।

पोखे्रल, छविलाल शर्म्मा (२०२०), *कौमुदीसारः,* विराटनगर : नेपाली साहित्य भण्डार ।

वरदराज (सन् १९८१) *मध्यसिद्धान्तकौमुदी* (सम्पा. शास्त्री, विश्वनाथ), दिल्ली : मोतीलाल बनारसीदास ।

वरदराज (२०४०), *लघुसिद्धान्तकौमुदी* (सम्पा. पाण्डेय, रामनारायणदत्त ), गोरखपुर : गीताप्रेस ।